

के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क १२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० जेठ ६ गते शनिबार ❑ 20 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## आकर्षक नारासहितका नीति कार्यक्रम

**रासस**
काठमाडौं, ५ जेठ

आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम शुक्रबार संघीय संसद्का संयुक्त बैठकमा प्रस्तुत भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा आकर्षक नारासहितका केही नयाँ योजना तथा कार्यक्रम राखिएका छन् ।



सरकारको वार्षिक नीति तथा कार्यक्रममा कृषि क्षेत्रलाई प्राथमिकतामा राखिएको छ। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी क्रमशः आत्मनिर्भरता हासिल गर्ने योजना सरकारको छ । त्यस्तै, एकीकृत राष्ट्रिय अनुदानसम्बन्धी कानून एवं कृषि अनुसन्धान नीति तर्जुमा गर्ने नीति सरकारले लिएको छ । कृषि उत्पादन बढाउनका लागि सरकारले 'एक टोल एक सामूहिक कृषि उत्पादन, एक वडा एक विशेष उत्पादन र एक पालिका एक उत्पादन क्षेत्र' नारा दिएर नयाँ नीतिमार्फत आत्मनिर्भर स्थानीय अर्थतन्त्रको निर्माण गर्ने उल्लेख गरेको छ । प्रदेश र स्थानीय तहको सहकार्यमा प्रत्येक पालिकामा शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गर्ने सरकारको नीति छ।

स्वदेशी वस्तु उत्पादन, प्रयोग तथा प्रवर्द्धनका लागि सरकारले 'हाम्रो उत्पादन, हाम्रो स्वाभिमान' नारासहित अभियान सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। यो कार्यक्रमअन्तर्गत स्वदेशी उत्पादनलाई प्रवर्द्धन र उपयोग गरिने जनाइएको छ।

सरकारले चालु आर्थिक वर्षको बजेट वक्तव्यमा राखेको 'मेक इन नेपाल' र 'मेड इन नेपाल' कार्यक्रमलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममार्फत् निरन्तरता दिएको छ । "आत्मनिर्भर हुनसक्ने वस्तु तथा सेवा उत्पादन गर्ने सम्भावित उद्योग पहिचान गरी त्यस्ता उद्योगको विकास र स्थायित्वका लागि नीतिगत प्रबन्ध गरिनेछ । बीस प्रतिशतसम्म महँगो भए पनि स्वदेशी वस्तु खरिद गर्ने प्रबन्ध मिलाइनेछ", वार्षिक नीति तथा कार्यक्रममा भनिएको छ, "स्वदेशी वस्तुको उत्पादन र उपभोग वृद्धिका लागि 'मेक इन नेपाल' र 'मेड इन नेपाल' अभियानलाई सहयोग पुऱ्याइनेछ।

यी अभियानअन्तर्गत हिमालको पानी प्रशोधनसहितको व्यावसायिक उत्पादन र तिलगङ्गा आँखा अस्पतालबाट उत्पादित लेन्सलाई विश्वबजारमा ब्राण्डिङ गरिनेछ।" धार्मिक तथा सांस्कृतिक स्थललाई सुन्दर र आकर्षक बनाउन 'हाम्रो सम्पदा, राम्रो सम्पदा' कार्यक्रम सञ्चालनमा ल्याइने नीति तथा कार्यक्रममा उल्लेख छ। 'सामुदायिक वन, फलाउनेछ धन' अभियानअन्तर्गत यसै वर्षदेखि सामुदायिक वनक्षेत्रमा निश्चित मापदण्ड र अनुगमन प्रणालीसहितको कार्यविधि अपनाई परीक्षणका रूपमा हरिण, मृग, बँदेल, कालिजजस्ता वन्यजन्तु र पन्छीको नियन्त्रित व्यावसायिक पालन सुरु गरिने कार्यक्रममा जनाइएको छ।

त्यस्तै, भूमिगत र सतह स्रोतको संरक्षण गर्दै 'एक घर, एक धारा' कार्यक्रमको निरन्तरतासहित जलवायु अनुकूलन खानेपानी प्रणालीको विकास गरिने सरकारको नीति छ।

'एक पालिका, एक हुलाक' को अवधारणा कार्यान्वयन गर्ने विषय पनि वार्षिक नीति तथा कार्यक्रममा राखिएको छ । हाल सञ्चालनमा रहेका हुलाक बचत बैङ्कलाई सरकारी स्वामित्वको वाणिज्य बैङ्कमा गाभ्ने नीति लिइने जनाएको छ।

शिक्षा क्षेत्रतर्फ 'ल्याउने, सिकाउने र टिकाउने' अभियान सञ्चालन गर्ने सरकारको योजना छ। जसअन्तर्गत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा प्रोत्साहनमूलक कार्यक्रमसहित अभियानका रूपमा यो कार्यक्रम सञ्चालन गरिनेछ । पढ्दै कमाउँदै कार्यक्रमलाई 'पढ्दै कमाउँदै, कमाउँदै पढ्दै' कार्यक्रमका रूपमा सञ्चालन गरिने पनि वार्षिक नीति तथा कार्यक्रममा उल्लेख छ । त्यसैगरी, 'हाम्रो स्कुल, बनाऔँ राम्रो स्कुल' अभियानअन्तर्गत सामुदायिक विद्यालयमा स्थानीय तहबाट विषयगत दक्ष शिक्षक दरबन्दीको व्यवस्था मिलाइने जनाइएको छ।

## चार्टर्ड उडानले पोखराका पर्यटन व्यवसायी उत्साहित

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट चाँडै चार्टर्ड उडान सुरु हुने भएको छ । आगामी जुन २३ तारिखदेखि चीनका विभिन्न सहरमा चार्टर्ड उडान हुन लागेको हो। यसबाट पोखराका पर्यटन व्यवसायी उत्साहित बनेका छन् ।

बिहीबार नेपाल एसोसिएसन अफ टूर एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) को २४औँ राष्ट्रिय सम्मेलन तथा वार्षिक साधारणसभाका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीले आगामी असारको पहिलो सातादेखि चीनका विभिन्न सहरमा चार्टर्ड उडान सुरु हुने बताउनुभयो । विमानस्थल सञ्चालनमा आएसँगै पोखरेलीको साढे चार दशकदेखिको सपना पूरा भएको छ । विसं २०७९ पुस १७ गतेदेखि व्यावसायिकरुपमा सञ्चालनमा आएको नेपालको तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलले सञ्चालनको पाँच महिनासम्म अन्तर ाष्ट्रिय उडान भर्न नसकेका अवस्थामा चार्टर्ड उडानले आफूहरूलाई उत्साहित बनाएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो । "आन्तरिक उडान भइरहे पनि अन्तर्राष्ट्रिय उडान हुन नसकेका अवस्थामा चार्टड उडान हुने कुराले उत्साहित छौँ", उहाँले भन्नुभयो, "यसबाट अन्तर्राष्ट्रिय उडानको सुरुआत हुनेछ, यो जसरी पनि कार्यान्वयन हुनुपर्छ ।" विमानस्थल उद्घाटनका दिन नेपालबाट अन्तर्राष्ट्रिय उडान भरिरहेको हिमालय एयरलाइन्सले परीक्षण उडान गरे पनि अहिलेसम्म कुनै अन्तर्राष्ट्रिय उडान हुन सकेको थिएन । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट चीनका सहरमा चार्टर्ड उडान अन्तर्राष्ट्रिय उडानको महत्वपूर्ण सुरुआत हुने नाट्टा गण्डकी प्रदेशका अध्यक्ष हरिराम अधिकारी बताउनुहुन्छ । "चार्टर्ड उडानमार्फत अन्तराष्ट्रिय उडान हुनु आफैँमा महत्वपूर्ण छ", उहाँले भन्नुभयो । नेपाल आउने चिनियाँ पर्यटकमध्ये झण्डै ८० प्रतिशत पोखरा भित्रने गरेको होटेल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी


बाँकी अन्तिम पृष्ठमा ▶▶


## 'अन्नपूर्ण दर्पण-१' सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

अन्नपूर्ण गाउँपालिका, कास्कीमा नयाँ नेतृत्व आएको एक वर्ष पुगेको छ। गत वर्ष वैशाख ३१ गते नेकपा एमाले उम्मेदवार रहेका विष्णुबहादुर केसी र उपाध्यक्षमा चन्द्रकला अधिकारी विजयी भएका थिए।

जेठ ६ गते पदभार ग्रहण गरेका केसीले आफ्नो एक वर्षे कार्यकालको प्रगति विवरण शुक्रबार सार्वजनिक गरेका छन् । गाउँपालिका कार्यालयमा आयोजित कार्यक्रममा गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव विनोदबहादुर कुँवर, गाउँपालिका अध्यक्ष केसी, उपाध्यक्ष अधिकारीले 'अन्नपूर्ण दर्पण-१' पुस्तक सार्वजनिक गरेका हुन् । एक वर्षमा १५



वटा कानून पारित गरिएको, ५० प्रतिशत शुल्कमा नागरिकको स्वास्थ्य बीमा, घरमै बसेर सबै खाले राजस्व तिर्न सक्ने व्यवस्था गरिएको, युवालाई गाइड तालिम दिइएको, पर्यटक सूचना केन्द्र निर्माणको काम अन्तिम चरणमा पुगेको, रैथाने बाली प्रवर्द्धनलाई पहल गरेको, सुशासनका लागि बिहान १० बजे नै कर्मचारी कार्यालय हाजिर भएर राष्ट्रिय गानमा सहभागी हुनुपर्ने व्यवस्था गरिएको र शाखा प्रमुखको नियमित बैठक गरिँदै आएकोलगायत काम गरिएको पुस्तकमा उल्लेख छ । कार्यक्रममा बोल्दै अध्यक्ष केसीले


बाँकी अन्तिम पृष्ठमा ▶▶


## नीति कार्यक्रम कर्मकाण्डी : प्रमुख प्रतिपक्ष

**रासस**
काठमाडौं, ५ जेठ

सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमलाई प्रमुख प्रतिपक्षी नेकपा (एमाले) ले कर्मकाण्डी दस्तावेज भएको आरोप लगाएको छ।

प्रतिनिधिसभाको बैठकबाट बाहिरिने क्रममा सञ्चारकर्मीको जिज्ञासामा एमाले अध्यक्ष केपी शर्मा ओलीले सो प्रतिक्रिया दिनुभएको हो।

एमाले सचिव योगेश भट्टराईले नीति तथा कार्यक्रममा अहिले भोगिरहेका समस्याको समाधान गर्ने ठोस उपाय र प्रस्तावहरू नरहेको बताउनुभयो । "कार्यक्रममा आर्थिक, सामाजिक चुनौती सम्बोधन गर्ने, सुशासन, भ्रष्टाचारलाई सम्बोधन गर्ने ठोस र प्रभावकारी कुरा छैनन्", उहाँले भन्नुभयो।

यसैगरी जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले नीति कार्यक्रम कर्णप्रियसहित सबै राम्रा कुरा मात्र समेटिएको प्रतिक्रिया दिनुभयो । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले नीति कार्यक्रम लामो निबन्ध र दन्त्यकथा जस्तो देखिएको बताउनुभयो।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले नीति कार्यक्रम सनातनी खालको भएकाले कार्यान्वयन गर्न र राष्ट्रका समस्या समाधान गर्न नसक्ने बताउनुभयो। राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानबहादुर शाहीले नीति कार्यक्रम राम्रै लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "विगतको जस्तै छ, यस्ता कार्यक्रम पहिला पनि आएका हुन्, कार्यक्रम ल्याउनु ठूलो कुरा होइन, कार्यान्वयन गर्नु प्रमुख कुरा हो ।" नेकपा (माओवादी केन्द्र) का सांसद महेन्द्रबहादुर शाहीले नीति कार्यक्रममा सबै क्षेत्रलाई समेटिएको बताउनुभयो। "आर्थिक अवस्थालाई मध्यनजर गरेर विगतको वर्षजस्तो कनिका छरेजस्तो होइन, विकासका लक्ष्यसहित पूर्वाधारमा लगानी गर्नुपर्छ", उहाँले भन्नुभयो, "अहिलेको आर्थिक मन्दीलाई सम्बोधन गर्ने गरी बजेट निर्माण गर्नुपर्छ।" राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद सन्तोष परियारले नीति कार्यक्रमले आजको आर्थिक जटिलतालाई सम्बोधन नगरेको बताउनुभयो । "आर्थिक संकट र राजनीतिक अन्योललाई पार लगाउने गरी नीति कार्यक्रम आएको छैन, विगतका भन्दा फरक छैन", उहाँले भन्नुभयो।

नेपाली कांग्रेसका सांसद जीवन परियारले नीति कार्यक्रमले विकास निर्माण, कृषि, ऊर्जा, पर्यटन, रोजगारीलगायत विविध विषयमा प्राथमिकता दिएको बताउनुभयो।

## वालिङमा जग्गाको कित्ताकाट थालियो

**पोखरापत्र संवाददाता**
वालिङ, ५ जेठ

स्याङ्जाको वालिङ नगरपालिकाले जग्गाको कित्ताकाट खुलाएको छ।

राष्ट्रिय भूउपयोग ऐन, २०७६ र नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण तथा मापदण्डका आधार, २०७९ अनुसार जग्गाको वर्गीकरण गरी कित्ताकाट खुलाएको हो।

लामो समयसम्म कित्ताकाट हुन नसक्दा जग्गाको कारोबार ठप्प थियो । जग्गाको कित्ताकाट खुलेसँगै राजस्व सङ्कलनसमेत बढ्न थालेको छ। चौध वडामध्ये नगरपालिकाले पहिलो चरणमा


बाँकी अन्तिम पृष्ठमा ▶▶



**खेतीयोग्य जमिनमा बस्ती नबसालौं ।**

◆ खेतियोग्य जमिनमा बसोवास नगरौं / नगराऔं,
◆ हरियाली बातावरणसहितको नमूना बस्तीको विकास गरौं,
◆ सिंचाई सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं,
◆ गाउँ बस्तीलाई नमूना बस्तीमा रुपान्तरण गरौं,
◆ समृद्ध नेपालको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अरण्यज्योति कप समुह ‘बी’ बाट सेमिफाइनल सम्भावना सबैको उस्तै

**पोखरापत्र संवाददाता**
पोखरा, ५ जेठ

लुम्बिनी विकास बैंक लिमिटेड अरण्यज्योति क्रिकेट प्रतियोगिता अन्तर्गत समुह ‘ख’ तर्फको खेल रोचक बनेको छ।

सेमिफाइनल पुग्ने सबैको सम्भावना उत्तिकै बनेको छ। शुक्रबारको खेलपछि समुहका चारै टिमको समान २ अंक भएको छ । शुक्रबारको खेलहरुमा राइजिङ पोखरा र पेलिकेण्स तनहुँ विजय भएसंगै अंक तालिकाको समिकरण यस्तो बनेको हो। पहिलो खेलमा तनहुँले पल्सर सिइसी माथि ६विकेटको जित निकाल्यो। टस जितेर ब्याटिङ गरेको सिइसीले २० ओभरमा ६ विकेट गुमाएर ८३ रन बनाएको थियो । सिइसीका विराट भण्डारीले २५,




कौशल रुपाखेतीले १६ तथा सिदान्त सिंह थापाले १३ रन बनाए। प्रत्युत्तरमा तनहुँले १४.५ ओभरमा ४ विकेट गुमाउँदै जित हासिल गर्यो । तनहुँका प्रतिक श्रेष्ठले अभिजित २८, क्रिस कार्कीले अभिजित २७ तथा ईश्वर क्षत्रिले २१ रन बनाए । सिइसीको बलिङमा सुबास खत्रीले ३ र अविनाश बस्यालले १ विकेट लिए। खेलमा पेलिकेण्ट्सका क्रिष काकी म्यान अफ द म्याच भए। अर्को खेलमा राइजिङ पोखराले साँग्रिला क्रिकेट क्लवमाथि ३४ रनको जित निकाल्यो। पहिला व्याटिङ गरेको राइजिङले २० ओभरमा ७ विकेट गुमाउँदै १ सय ५६ रन बनाएको थियो। साँग्रिलाले पुरा २० ओभर खेलेर ९ विकेटको क्षतिमा १ सय २३ रन मात्रै बनाउन सक्यो । साँग्रिलालाई रोक्ने क्रममा राइजिङका बलरहरु अमृत गुरुङ र धिरज शाही ठकुरीले समान ४-४ विकेट लिए । म्यान अफ द म्याच समेत भएका राइजिङ पोखराका अमृतले व्याटिङतर्फ ३४ रन जोडेका थिए । त्यस्तै करण केसीले २८ तथा किरण पौडेलले २७ रनको पारी खेले ।

साँग्रिलाका सिब्रिन श्रेष्ठले ३६ तथा शरद भेषावकरले १५ रन बनाएका थिए । खेलमा साँग्रिलाका बलरहरु विपिन खत्री र शरद भेषावकर दुवैले ४-४ विकेट लिएका थिए । दर्शक विट्टु बैठाले छक्का हुँदै मैदान बाहिर आएको बल समातेपछि अन्नपूर्ण केवलकारको पुरस्कार जिते ।

# लायन्स सेन्ट्रल गार्डनको नेतृत्व विकास तालिम

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, ५ जेठ

लायन्स क्लब अफ पोखरा सेन्ट्रल गार्डनले एसएलसी दिएका भाइबहिनीलाई कम्प्युटर र नेतृत्व विकास तालिम शुरु गरेको छ।

विद्यार्थी भाइबहिनीका लागि व्यवहारिक जीवनमा अति उपयोगी ९० घण्टे आधारभूत कम्प्युटर र तीन हप्ते उद्घोषण, भाषण तथा नेतृत्व विकास तालिम सञ्चालन गरेको हो । तालिममा २१ जना विद्यार्थी भाइबहिनी सहभागी रहेका छन् । तालिमको शुक्रवार अनुगमन गर्दै क्लबका संस्थापक अध्यक्ष हरि भाटले सन् २०१७ देखि क्लबले पढाऊ अभियान अन्तर्गत हरेक वर्ष एस.एल.सी. दिने भाइबहिनीलाई तालिम सञ्चालन गर्दै आएको बताए । उनले क्लबले तालिम




सञ्चालनका लागि विभिन्न व्यवसायिक संघसंस्थाबाट कोटेशन लिएर यस पटक गण्डकी हाइटेकसँग सहकार्य गर्न पाउनु क्लबका लागि अवसर सुनौलो अवसर रहेको बताए। तालिममा सहभागी भुपेन्द्र गुरुङले आफू पहिला अगाडि गएर बोल्दा जिउ काम्ने, आँखा हेरेर बोल्न नसक्ने समस्या रहेकोमा यो तालिम पाएर आफूलाई निकै खुसी लागेको बताए । नुमा गुरुङको स्वागत मन्तव्य रहेको कार्यक्रममा शुशांक बास्तोला, निराजन तामाङ, अमृत थापालगायतले आफ्ना अनुभव राखेका थिए।

अध्यक्षको आसनबाट बोल्दै गण्डकी हाइटेक व्यवहारिक सीप विकास तालिम केन्द्रकी सञ्चालक विद्यादेवी बरालले पोखराको बगरमा रहेकोमा केन्द्रमा विगत १६ वर्षदेखि क्रियाशील प्रशिक्षकद्वारा प्रशिक्षण गराइँदै आएको जानकारी गराइन्।

# करदाता शिक्षा, छलफल तथा अन्तरक्रिया कार्यक्रम

**प्रेम बहादुर आले**
पोखरा, ५ जेठ

लेखनाथ उद्योग बाणिज्य संघको आयोजना र आन्तरिक राजस्व कार्यालय पोखराको संमन्वयमा यस क्षेत्रका उद्योगी व्यवसायीहरुका लागि करदाता शिक्षा, छलफल तथा अन्तरक्रिया कार्यक्रम शुक्रबार सम्पन्न भयो।

आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत रमेश शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा करदाता शिक्षा कार्यक्रममा करदाताहरुले राजश्व संकलन प्रणाली, राज्य नीतिका कारण भएको समस्या तथा कर कार्यालयबाट दिईने सेवा सुविधा माथी राखेका विभिन्न जिज्ञासा तथा सुझाब माथि प्रस्ट पार्नुहुदैं प्रमुख कर अधिकृत शर्माले कार्यालयबाट दिईने सेवासुविधालाई अझ व्यवस्थित बनाउदैं आईरहेको र केहि समस्या भएमा प्रत्यक्ष आफुलाई भेट्न आग्रह गर्नुभएको थियो।




लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयको अध्यक्षतामा आयोजना गरिएको उक्त कार्यक्रममा अध्यक्ष आत्रेयले वर्तमान अवस्थामा व्यवसायीहरु तिन तहको करको मारमा परिरहेकोहुदां एक ठाउँमा मात्र कर तिर्ने वातावरण मिलाउनुपर्ने र करको दर होइन दायरा बढाउनुपर्नेमा जोड दिनुभएको थियो । आन्तरिक राजश्व कार्यालयका कर अधिकृतद्धय प्रमोद श्रीबास्तब र गोपाल गिरीले वर्तमान, लेखनाथ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष बलराम ढकाल, पूर्व अध्यक्षद्धय लक्ष्मीप्रसाद त्रिपाठी, कृष्णहरी भण्डारी, संघका पदाधिकारी, कार्यसमिति सदस्य, सल्लाहकार, वस्तुगत संघ संस्थाका अध्यक्ष, बजार व्यवस्थापन समितिका अध्यक्ष, उपसमिति संयोजक लगायत यस क्षेत्रका ५५ उद्योगी व्यवसायीहरुको उपस्थिति रहको उक्त कार्यक्रम संघका महासचिव उपेन्द्रराज सुवेदी (राजु)ले संचालन गर्नुभएको भने बरिष्ठ उपाध्यक्ष विनोद श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुहुदैं कार्यक्रम समापन गर्नुभएको थियो।

## चार्टर्ड..

दिनुभयो। विशेषतः साहसिक पर्यटन चिनियाँ पर्यटकको रोजाइ हुने उहाँले बताउनुभयो।

“चिनियाँ पर्यटकको पोखराको मुख्य रोजाई प्याराग्लाइडिङ हो, उनीहरू छोटो दूरीको पदयात्राका लागि पनि उत्तिकै रुचि राख्छन्”, सुवेदीले भन्नुभयो। पोखरामा चिनियाँ पर्यटकका लागि चाइनिज खाना खुवाउने होटेल तथा रेष्टुराँ पर्याप्त रहेको उल्लेख गर्दै उहाँले चिनियाँ पर्यटकको आवश्यकताअनुसारका पर्यटक गाइड तथा सहयोगी पनि उपलब्ध रहेको बताउनुभयो । सन् २०१९ अघि पोखरामा ठूलै सङ्ख्यामा चिनियाँ पर्यटक आए पनि कोरोना महामारीलगायत कारणले पछिल्लो समय आगमन प्रभावित बनेको थियो । चार वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले २०७३ वैशाख १ गते शिलान्यास गर्नुभएको पोखरा विमानस्थलको निर्माणको जिम्मा चिनियाँ निर्माण कम्पनी सिएमसिइले पाएको थियो । विमानस्थलको उद्घाटन प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले गर्नुभएको थियो। चीनको एक्जिम बैंकको ऋण तथा अनुदान सहयोगमा करिब रु २२ अर्बको लागतमा विमानस्थल निर्माण गरिएको हो। विमानस्थलमा न्यारोबडी एयर बस तीनसय २०, बोइङ सात सय ३५ जहाज उडान र अवतरण गर्न सकिन्छ । विमानस्थलमा तीन ठूला र आठ साना जहाज पार्किङ गर्न सकिन्छ। धावन मार्ग दुई हजार पाँच सय मिटरको रहेको विमानस्थलको चौडाइ ४५ मिटर छ। विमानस्थलमा १४ आन्तरिक र अन्तर्राष्ट्रिय टर्मिनल भवन छन्।

# नव सिद्धार्थको रक्तदानमा ७२ यूनिट संकलन

**प्रेम बहादुर आले**
पोखरा, ५ जेठ

नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि.ले आयोजना गरेको रक्तदान कार्यक्रममा ७२ युनिट रगत संकलन भएको छ।

पोखरा महानगरपालिका वडा नं ८ वगालेटोलमा रहेको नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लि.ले २१औ स्थापना दिवस को अवसरमा रक्तदान तथा स्वस्थ्य परिक्षण कार्यक्रम आयोजना गरेको कार्यक्रमा संयोजक कुस्मा राणाले जानकारी दिनुभयो।

सोहि अवसरमा आयोजित स्वस्थ्य परिक्षणमा १२५ जनाले स्वस्थ्य जाच गराउनुभएको तथा ४९ जनाले फुल वडि चेकअप गर्नुभएको थियो । सहकारीको वार्षिक कार्यक्रम तथा सामाजिक उत्तरदायित्व अन्तर्गत खुल्ला रक्तदान तथा स्वस्थ्य परिक्षण कार्यक्रम आयोजना गरीएको संस्थाका व्यवस्थापक खेमराज अधिारीले जानकारी दिनुभयो।



कार्यक्रम उद्घाटन गर्दै प्रमुख अतिथि पोखरा महानगर सहकारी समितिका अध्यक्ष रविरमण तिवारीले नव सिद्धार्थ महिला बचत तथा ऋण सहकारी स्थापना देखि निरन्तर सदस्यको हित र सामाजिक कार्यमा सक्रिय संस्था रहेको वताउदै सहकारीको वास्तविक मर्म नव सिद्धार्थले साकार पारेको भनाई रख्नुभयो।

संस्थाका अध्यक्ष भवानी श्रेष्ठ माकाजुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्रा कोइराला,पोखरा मनपा वडा नं ४ का जनप्रतिनिधि पार्वती माकाजु , संस्थापक अध्यक्ष शान्ता श्रेष्ठ लगायतले आआफ्ना भनाई राख्नुभएको थियो।

कार्यक्रम संयोजक कुस्मा राणाले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रममा शिक्षा उप समिति संयोजक मिरा पराजुलिले सहकारी सिद्दान्त वाचन सचिव र सहसचिव डाल्डादेवि भुजेलले कार्यक्रम संचालन भएको थियो।

## अन्नपूर्ण...

कार्यकालको एक वर्ष केही नयाँ कामको सुरूआत र सिकाइमा बितेको बताए । आफूहरू नीति तथा कार्यक्रम, बजेटको तयारीमा रहेको र सबै क्षेत्रका जानकार, स्थानीयसँग छलफल गरेर ल्याउने उनले सुनाए। ‘गहन छलफल गरेर नीति तथा कार्यक्रम ल्याउँछौं । हिजो के गर्नुपर्ने के थियो र के गर्न सकिएन भन्ने हेर्छौं । त्यसलाई अहिले सुधार्छौं,’ अध्यक्ष केसीले भने । विकास निर्माणको काममा दलीय हिसाबले लाग्न नहुने केसीको भनाइ थियो । जसले योजना ल्याए पनि त्यसले गाउँ बन्ने भएकाले एकजुट हुनुपर्ने उनले बताए । ‘संघ र प्रदेशसँग बजेट मागेका छौं। सबैले कहाँ कसको पहुँच पुग्छ त्यहाँ योजना मागौं,’ अध्यक्ष केसीले भने, ‘बाटो राम्रो बन्यो भने त्यो सबैलाई राम्रो हुने हो।’ मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव विनोदबहादुर कुँवरले एक वर्षको समीक्षा गरेर अबको चार वर्ष नागरिकको सेवामा अझै गम्भीर भएर लाग्नुपर्ने बताए। पर्यटनमा अन्नपूर्णको सम्भावना धेरे भएकाले त्यसैअनुसारका योजनामा जोड दिन उनले गाउँपालिका नेतृत्वलाई आग्रह गरे।

## वालिङमा...

सिद्धार्थ राजमार्गसँग जोडिएका तथा बजारका वडा ६, ८, ९, १० र १३ वडामा कित्ताकाट थालेको नगर प्रमुख कृष्ण खाँणले जानकारी दिनुभयो।

कित्ताकाट सुरु भएका वडाको जग्गाको वर्गीकरण गरी मालपोत र नापी कार्यालयमा स्रेस्ता कायम गर्न पठाइएको छ । “पहिलो चरणमा जग्गाको वर्गीकरण गरिएका वडाबाट कित्ताकाट आरम्भ गरेका छौं”, उहाँले भन्नुभयो, “दोस्रो चरणमा बाँकी रहेका वडाको क्रमशः कित्ताकाट खुलाउँदै जान्छौं।”

कित्ताकाट गरिएका वडाका जग्गाधनीले स्रेस्ता कायम गर्नुपर्ने भएमा सक्कल जग्गाधनी पुर्जा लिई मालपोत कार्यालय आउनुपर्ने कार्यालयका सूचना अधिकारी जीवनाथ पौडेलले बताउनुभयो । नगरपालिकाले राष्ट्रिय भू-उपयोग ऐन, २०७६ अनुसार कृषि र गैर कृषि जग्गासहित ऐनले उल्लेख गरेअनुसार कित्ताकाट हुने उहाँले बताउनुभयो। कित्ताकाट खुलेसँगै जग्गाको कारोबार बढेको छ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
- शरिरको एक हर नचल्ने ।
- मुख बाङ्गो भएको ।
- खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
- हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति जेठ २ गते मंगलबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :
पाइल्स : कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला : मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर : मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक : मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु : अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन नं. ५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१, ९८५१०१६६९४
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।



कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मनकारी ट्याक्सी चालक : जसले निःशुल्क बिरामी बोक्छन्

- तारानाथ आचार्य
बागलुङ, ५ जेठ

पश्चिम बागलुङका ट्याक्सी चालक विष्णु काउचा मगर दुई साता पहिले बडिगाड गाउँपालिकाबाट बिरामी बोकेर गलकोट नगर अस्पताल पुग्नुभयो । सधैँजसो बिरामी बोकेर धौलागिरि अस्पताल बागलुङ र पोखराका विभिन्न अस्पताल पुगेका काउचाले सोच्नुभएकै थिएन, गलकोटमै ती बिरामीको उपचार होला भनेर ।

अस्पताल पुगेपछि बिरामी उपचारतर्फ लागे, काउचा भने नगर अस्पतालका सेवासुविधा के-के छन् भनेर बुझ्न थाल्नुभयो । आफैँले अस्पताल पुऱ्याएको बिरामीले उपचारपछि औषधि लिएर फर्किएको देखेपछि काउचा दङ्ग पर्नुभयो ।

अस्पतालको सेवा सुधार भएको विषयमा सबै जानकारी पाउनुभएका काउचा आफूले ल्याएको बिरामीले समयमा उपचार पाएपछि खुसी मात्रै हुनु भएन, तत्कालै समाजसेवी निर्णयसमेत गर्नुभयो। बडिगाडबाट तोकिएको भाडा लिएर अस्पताल बिरामी पुऱ्याउनुभएका काउचाले अब भने निःशुल्क बिरामी बोक्ने निधो गर्नुभएको छ ।

"अस्पताल पुगेपछि थाहा भयो यहाँ राम्रो उपचार हुँदोरहेछ", काउचा भन्नुहुन्छ, "गाउँमै सेवा पाए किन बाहिर जानु, विपन्न बिरामीका लागि त झन् राम्रो सुविधाको कुरा भयो, सवारीको असुविधा देखेर मैले निःशुल्क बिरामी बोक्ने निर्णय गरेँ ।" काउचा अहिले हप्तामा एक दिन गलकोटको हटिया बजारदेखि हरिचौरस्थित अस्पतालसम्म निःशुल्क बिरामी ओसार्नुहुन्छ। अस्पताल पुगेपछि आफू निकै प्रभावित भएको काउचा बताउनुहुन्छ । हरेक सोमबार उहाँले निःशुल्क बिरामी बोक्ने निधो गर्नुभएको छ । यो निर्णयले उहाँलाई धेरै गलकोटेले हौस्याएका छन् । गलकोटको हटिया बजारदेखि १५/२० मिनेट कच्ची सडकको यात्रा गरेपछि नगर अस्पताल पुगिन्छ । मध्यपहाडी लोकमार्गमा चल्ने सवारी चढेर हटिया बजार झर्नेहरूका लागि ट्याक्सी, पिकअप भ्यान वा टेम्पो रिजर्भ गर्दा महँगो शुल्क तिर्नुपर्ने बाध्यता छ । भाडादरमा एकरूपता नभएकाले बिरामीले अस्पताल पुग्न असुविधा महसुस गर्दै आएका थिए । यही अवस्था देखेपछि निःशुल्क बिरामी बोक्ने निर्णयमा पुगेको काउचा बताउनुहुन्छ । "अस्पतालमा बिरामीको उपचार भइरहेको देखेपछि सहयोग गरौं भन्ने लाग्यो, आफूसँग गाडी भएकाले बिरामी बोक्ने निर्णय गरेँ", उहाँले भन्नुभयो ।

काउचाको यो निर्णयको चर्चा नसकिँदै अर्का मनकारी ट्याक्सी व्यवसायीले पनि निःशुल्क सेवा दिने निर्णय गर्नुभएको छ । मानवसेवा नै धर्म हो भन्दै गल्कोट-२ तोरीखोलाका रामु पुनले हरेक बिहीबार निःशुल्क बिरामी बोक्ने निर्णय गर्नुभएको हो । उहाँको ट्याक्सी चल्ने क्षेत्र वडा नं २ नरेठाँटी हो । नरेठाँटीबाट निःशुल्करूपमा बिरामीलाई अस्पताल पुऱ्याउने पुनले बताउनुभयो ।

"विष्णुजीले हटियाबाट बिरामी निःशुल्क बोक्न थाल्नुभयो, बूढाबूढी, बिरामी र अपाङ्गता भएकाहरूले अस्पताल पुग्दा भोगेको सास्ती देखेर मलाई पनि सेवा गरौँ भन्ने लाग्यो", पुनले भन्नुभयो, "हप्तामा छ दिन त मैले कमाइ हाल्छु, एक दिन सेवामा लाग्दा के नै सकिन्छ र ?" उहाँले पहिलो दिन नै नरेठाँटीबाट २० जना बिरामी अस्पताल पुऱ्याउनुभएको छ ।

दुवै जनाले बिहान १० देखि दिउँसो ४ बजेसम्म आफ्ना ट्याक्सी बिरामीका लागि तयारी अवस्थामा राख्ने गर्नुभएको छ । बिहान-बेलुका भने भाडामा आफ्ना ट्याक्सी चलाउनुहुन्छ ।

"अस्पताल र हटिया बजारको दूरीका कारण बिरामीले मर्का महसुस गर्नुभएको थियो, अर्को कुरा सवारीमा अस्पताल पुग्दा भाडादरमा एकरूपता नहुँदा समस्या थियो", अस्पतालका प्रमुख डा राजेश पौडेलले भन्नुभयो, "अहिले युवाहरूले समाजसेवी भाव राख्नुभएको छ, यसले बिरामीलाई धेरै सहयोग गर्छ ।" अस्पतालले सेवा विस्तार गर्दा बिरामीको चाप बढेको उहाँले बताउनुभयो । तर पछिल्लो समय उपचार सेवाभन्दा पनि बिरामीले सडकको सहजता खोज्ने गरेका छन् ।

गलकोट नगर अस्पताल पुग्दा बिरामीको उपचार निःशुल्क हुने तर सवारी भाडाले मात्रै ढाड सेक्ने अवस्था थियो । युवाहरूको निःशुल्क ट्याक्सी सेवाको निर्णयले कैयौँ बिरामीलाई राहत भएको छ । गलकोट नगरपालिकाले नै अस्पतालसम्म पुग्ने भ्यान वा टेम्पो सेवा सञ्चालनमा ल्याउने विषयमा छलफल भइरहेको डा पौडेलले बताउनुभयो । हरिचौर प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नति गरेर नगर अस्पताल सञ्चालनमा आएपछि पौडेल सहितका चिकित्सक र स्वास्थ्यकर्मीले सेवा दिइरहेका छन् ।

# वंश वृद्धि र शान्तिको कामना गर्दै लोमान्थाङमा मनाइयो तिजीपर्व

पोखरापत्र संवाददाता
म्याग्दी, ५ जेठ

हिमालपारिको जिल्ला मुस्ताङको लोमान्थाङ क्षेत्रमा बसोबास गर्ने गुरुङ र विष्ट समुदायले १५औँ शताब्दीदेखि मनाउँदै आएको तिजीपर्व यस वर्ष पनि वंश वृद्धि र शान्तिको कामना गरी मनाएका छन् ।

तिजीपर्व लोमान्थाङको प्रमुख पर्व हो । मङ्गलबारदेखि सुरु भई तीन दिनसम्म चलेको यस पर्व (मेला) बिहीबार सम्पन्न भएको हो । यो पर्वको पहिलो दिन मुस्ताङी राजाको लोमान्थाङ दरबार अगाडिको प्राङ्गणमा लोमान्थाङस्थित छोदे गुम्बाका लामा तथा भिक्षुले देवी-देवताको पूजापाठ गर्नाका साथै धार्मिक नृत्य प्रस्तुत गरेका थिए । विभिन्न देवी-देवता र राक्षसको मुकुट पहिरिएर लामाले गर्ने यो नृत्य यस क्षेत्रकै सबैभन्दा पुरानो नृत्य भएको लोमान्थाङकी शिक्षिका सरला नेपालीले जानकारी दिनुभयो । उहाँका अनुसार यो धार्मिक नृत्य हो । यो नृत्य अवलोकन गर्नाले मोक्ष प्राप्ति हुने जनविश्वास रहेको छ । तिजीपर्वको पहिलो दिन लोमान्थाङ दरबार परिसरमा बौद्धधर्मका विभिन्न देवी-देवता र रिम्पोछेको विशाल थान्का प्रदर्शन गरिएको थियो । यो थान्का तिजीपर्वको दिनमा मात्र सार्वजनिक गर्ने चलन रहेको लोमान्थाङका आम्ची घ्याचो विष्टले बताउनुभयो । पर्वको दोस्रो, तेस्रो दिनमा विभिन्न किसिमका सांस्कृतिक नृत्य प्रदर्शन गरिएको थियो ।

ऐतिहासिक तथा धार्मिक तिजीपर्व दोर्जी सुनुको पुनर्जन्म अर्थात् बज्रकिलाको जीवन कथासँग सम्बन्धित छ । सुनुले पुनर्जन्म प्राप्त गरी राक्षसको भय अन्त्य गरेको खुसीयालीमा शान्तिको प्रतीकका रूपमा तिजीपर्व मनाउने चलन रहेको उहाँको भनाइ थियो ।

तिजी हेर्न लोमान्थाङवासी, आन्तरिक पर्यटक र विदेशीले लोमान्थाङ भरिएको सरला नेपालीले उल्लेख गर्नुभयो । उहाँका अनुसार तिजीपर्वका लागि लोमान्थाङमा सरसफाइ गरेर सजावट गरिएको थियो ।

# माटो परीक्षणमा कृषक अनिच्छुक

पोखरापत्र संवाददाता
पर्वत, ५ जेठ

खेतबारीमा जति मिहिनेत गरिएको हुन्छ त्यसको तुलनामा अन्न उत्पादन नहुँदा धेरै कृषकले वैकल्पिक बाटो रोज्न थालेको अवस्था छ । कतिपयले व्यावसायिक रूपमा भन्दा आफूलाई काम चल्ने गरेर मात्रै खेतीपाती गर्ने गरेका छन् । यो नतिजा आउनुको एक प्रमुख कारणका रूपमा माटो परीक्षण नगरीकनै खेती बाली लगाउनु रहेको कृषि ज्ञान केन्द्रका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले बताउनुभयो ।

कृषकलाई व्यावसायिक रूपमा कृषिमा आकर्षण गरी थोरै माटोको अवस्था अनुसारको खेती गर्न भन्दै गण्डकी प्रदेश सरकारले २०७८ सालदेखि प्रदेशका हरेक कृषि ज्ञान केन्द्रमा माटो परीक्षणका लागि 'मिनी ल्याब' स्थापना गरेको छ । गत वर्षको साउनदेखि हालसम्मका १३ महिनाको अवधिमा कूल २२ नमूनाको मात्रै परीक्षण भएको छ । त्यो पनि कृषकले ल्याएको नभई ज्ञान केन्द्र आफैँले माटो ल्याएर गरिएको हो ।

विगतका वर्षमा जस्तो माटो परीक्षणका लागि पोखरा नै जानुपर्ने अवस्था रहेको भए ती २२ नमूना पनि आउने थिएनन् । जिल्लामै परीक्षण हुने भएकाले कार्यालयको सक्रियतामा जिल्लामा मोटोको अवस्थाका बारेमा थाहा पाउन सजिलो भएको छ । माटो परीक्षणका क्रममा माटोमा रहने धेरै प्रकारका खाद्य तत्वको अवस्थाबारे पत्ता लगाइन्छ । ठूला अनुसन्धानमा सबै प्रकारका खाद्य तत्वको परीक्षण गरिने भए पनि कृषकलाई लक्षित गरेर गरिने परीक्षणमा नाइट्रोजन, फस्फोरस र पोटासको परीक्षण गर्ने गरिन्छ।

यस बाहेकका अन्य दुई प्रकारका खाद्य तत्वलाई पनि अवस्थाअनुसार परीक्षण गरिन्छ । माटोमा रहेका पाँच प्रकारका तत्वको परीक्षण गर्दा खास लाग्ने शुल्क रु पाँच सय भए पनि कृषि ज्ञान केन्द्रले कृषकलाई रु एक सयमा नै परीक्षण गर्दै आएको छ। विद्यार्थी वा अन्य प्रयोजनको अनुसन्धान गर्न माटो परीक्षण गर्नेले भने रु तीन सय तिर्नुपर्छ ।

निकै सुलभ दरमा माटो परीक्षण हुँदा पनि कृषक भने परम्परावादी तरिकामा आफ्नै ढङ्गले खेती गरिरहेका छन् । जिल्लाको कुश्मा नगरपालिका-९ कटुवाचौपारीका रामकृष्ण लामिछानेले जिल्लामा माटो परीक्षण हुन्छ भन्ने थाहा पाए पनि त्यसका लागि नगएको बताउनुभयो। "माटो परीक्षण हुन्छ भन्ने त थाहा थियो, त्यही पनि खै अरूले माटो लगेको देखेको छैन, मैले पनि लगेको छैन, अन्न फल्नै छोडे त के भयो भनेर खोजी हुने थियो होला", उहाँले भन्नुभयो, "बरु अब एकचोटि लगेर देखाउन पर्ला, यहाँको जमिनमा राम्रो उत्पादन हुने भएकाले पनि यतातिर परीक्षणमा खासै कसैको रुचि देखिन्न ।" वरिष्ठ कृषि विकास अधिकृत थापाले यसमा कृषकको चासो निकै कम भएको बताउनुभयो । गाउँमा रहेका कृषि फर्म तथा विभिन्न अनुगमनका लागि जाने बेलामा परीक्षणका लागि आउन भनिए पनि कृषक नआएको उहाँको अनुभव छ । "मान्छे नै बिरामी परे पनि एकदुई दिन हेरौं, भएन भने लैजाउँला भन्ने मानसिकता अझै पनि भेटिन्छ, मान्छेलाई त समयमा उपचार नगर्ने अवस्थामा माटोको उपचार गर्न कसलाई पो चासो लागोस् ?", उहाँले भन्नुभयो, "तर जब कुरा बुझ्नुहुन्छ, त्यसपछि कृषक आफैं माटो बोकेर आउने छन्, यसको फाइदाका बारेमा जानकार नभएर पनि चासो नभएको होला ।"

कृषकले परीक्षणका लागि माटो नल्याएको भए पनि कृषि ज्ञान केन्द्रले अनुगमन वा कार्यक्रममा गएका बेलामा फरक फरक ठाउँबाट माटोको नमूना ल्याएर परीक्षण गर्ने गरेको छ। त्यो नतिजालाई हेर्दा नेपालभर रहेको अवस्थाभन्दा पर्वतको माटो झनै बिग्रिएको अवस्थामा रहेको पाइएको छ । नेपालको माटोको 'पिएच' हेर्दा राष्ट्रिय रूपमा ६० प्रतिशत छ। यो आफैँमा माटोको कमजोर अवस्था हो । पर्वतको माटोमा त्यही पिएचको अवस्था ८४ प्रतिशत रहेको पाइएको छ। बाइस नमूनाको परीक्षणबाट यो अवस्था देखिएको र यसले कृषि उत्पादनलाई बिस्तारै कमजोर पार्दै लगेको थापाको भनाइ छ । माटोमा नाइट्रोजन र फस्फोरसको मात्रा जति धेरै भयो उति नै राम्रो हुने भए पनि पर्वतको माटोको अवस्था मध्यम देखिएको छ। माटोको गुज्रिएको अवस्थाका कारण नै माटोको शक्ति जोगाउन सबै कृषकलाई कार्यालयमा आएर यसका बारेमा आह्वान गरिएको उहाँले बताउनुभयो । माटोको अवस्था यही गतिमा खस्किँदै जाने हो भने केही वर्षपछि उत्पादन शून्य अवस्थामा आउनसक्ने र भोकमरीको विकराल अवस्था आउनसक्ने थापाले बताउनुभयो।

# बहिरङ्ग सेवा बिहान ८ बजेदेखि बेलुकी ८ बजेसम्म, सबै सङ्घीय अस्पताललाई शिक्षण अस्पताल बनाइने

रासस
काठमाडौं, ५ जेठ

सरकारले गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न सामुदायिक अस्पतालको स्तरोन्नतिदेखि प्रदेशस्तरको 'सुपर स्पेशियालिटी अस्पताल' निर्माणलाई प्राथमिकता दिएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले आज प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमले सामुदायिक अस्पतालमा एक चिकित्सक एक अस्पतालको व्यवस्था सुनिश्चित गर्ने बताएको छ । साथै बहिरङ्ग सेवा बिहान ८ बजेदेखि बेलुकी ८ बजेसम्म अनिवार्य सञ्चालन हुने भनिएको छ ।

नीति तथा कार्यक्रमअनुसार प्रत्येक वडामा आधारभूत स्वास्थ्य परीक्षण तथा उपचारसहितको स्वास्थ्य केन्द्र स्थापना गरिनेछ । अशक्त, असहाय र ज्येष्ठ नागरिकलाई घरदैलोमै आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यक्रमले प्राथमिकता दिएको छ ।

सरकारले स्वास्थ्य बीमा कार्यक्रमको पुनरावलोकन गर्ने उल्लेख गरिएको छ । सङ्घीय अस्पतालको हकमा नीति तथा कार्यक्रमले निजामती अस्पताल र सबै सङ्घीय अस्पताललाई शिक्षण अस्पतालका रूपमा विकास गर्ने भनेको छ । नीति तथा कार्यक्रममा भनिएको छ, "निजामती अस्पताललाई विशिष्टिकृत चिकित्सा सेवासहितको सुविधासम्पन्न अस्पतालका रूपमा विकास गर्दै क्रमशः सातवटै प्रदेशमा विस्तार गर्ने नीति लिइने छ ।"

सरकारले मेडिकल कलेजलाई पूर्णक्षमतामा सञ्चालन गर्ने बताएको छ। गेटा विश्वविद्यालयसम्बन्धी विधेयक यसै अधिवेशनमा प्रस्तुत गरिने र उक्त अस्पताल यसै वर्ष सञ्चालनमा ल्याउने नीति तथा कार्यक्रममा उल्लेख छ । सरकारले दुर्गम क्षेत्रमा समयमा उपचार नपाउँदा अल्पायुमै हुने मृत्युको क्रम रोक्न दुर्गम जिल्लामा एयर एम्बुलेन्स सेवा सञ्चालन गर्ने बताएको छ। नीति तथा कार्यक्रममा अति दुर्गम, सुदूरपश्चिमका पहाडी र कर्णाली प्रदेशका जिल्लामा दुई जिल्ला बराबर एक एयर एम्बुलेन्स सेवा नियमित सञ्चालन गरिने उल्लेख छ । यस्ते, केन्द्रीकृत डाटाबेससहितको राष्ट्रिय एम्बुलेन्स सेवाको व्यवस्था मिलाइनेछ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १३ कात्यायनी दुर्गा मन्दिर ट्रस निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम: कात्यायनी दुर्गा मन्दिर ट्रस निर्माण**
**स्थान: पोखरा-१३ सिग्देल मार्ग, कास्की**
**योजना सम्झौता मिति : २०८०/०१/०४ गते**
**योजना कार्य सुरु भएको मिति : २०८०/०१/०५ गते**
**योजना सम्पन्न मिति: २०८०/०२/१५ गते**
**निर्माण लागत : रु.६,००,००० ।-**
**जन सहभागितावाट : छैन**
**उपभोक्ता समिति अध्यक्ष: अर्जुन सिग्देल**
**मो. ९८५६०३००५३**
**निर्माण समिति सदस्य : ७, महिला: २, पुरुष: ५ जना**
**योजनाबाट लाभान्वित जन संख्या: ४०० जना**

**कात्यायनी दुर्गा मन्दिर ट्रस निर्माण उपभोक्ता समिति पोखरा-१३, सिग्देल मार्ग, कास्की**


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाव | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**
**नाम: सोमत तुलाचन**
**विमा लेख नं. १३००३३०६३**
**मोबाईल न :९८५६०८०६१६**

**सम्पर्क :**
**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा**

## विमा लेख हरायो

**एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि नदिपुरसम्म जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु।**
**नाम: राजेन्द्र कायस्थ**
**ठेगाना: पो.म.न.पा.-४**
**विमा लेख नं. ६५१२०००९८५८**
**सम्पर्क : एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
**फोन: ९८४६०३१०३४**


# वर्षामा ५० र हिउँदमा ३० युनिटसम्मको बिजुली निःशुल्क

रासस
काठमाडौं, ५ जेठ

सरकारले बिजुलीको आन्तरिक खपत बढाउने लक्ष्यका साथ महत्वपूर्ण कार्यक्रम अगाडि सारेको छ। विशेषगरी वर्षायाममा उत्पादित बिजुलीको खपत बढाउने लक्ष्यका साथ ५० युनिट बराबरको बिजुली निःशुल्क उपलब्ध गराउनेछ। यस्तै हिउँदमा ३० युनिट बराबरको बिजुली निःशुल्क उपलब्ध गराउने भएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले आज सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा वर्षायाममा ५० युनिट र हिउँदमा मासिक ३० युनिटसम्म बिजुली खपत गर्ने उपभोक्तालाई निःशुल्करूपमा बिजुली उपलब्ध गराउने घोषणा गरिएको छ।

हाल २० युनिट बराबरको बिजुली खपत गर्नेले रु ३० मात्रै तिर्ने हुने व्यवस्था छ । देशव्यापीरूपमा ऊर्जाको माग बढाउने र आन्तरिक खपत बढाउने लक्ष्यका साथ सरकारले यस्तो व्यवस्था गरेको हो। वर्षायाममा मुलुक बिजुलीमा आत्मनिर्भर भए पनि हिउँदमा भने आयात गर्नुपर्ने अवस्थामा नै रहेको छ । यस्तै आगामी दुई वर्षभित्र सबै नेपालीको घरमा बिजुली उपलब्ध गराउने लक्ष्य राखिएको छ ।

त्यस्तै विपन्न नागरिकको घरमा सरकारले निःशुल्करूपमा बिजुलीको मिटर जडान गरिदिने भएको छ । खाना पकाउनका लागि एलपी ग्यासको क्रमशः विस्थापन गर्दै जाने नीति लिएको सरकारले विद्युतीय चुल्होको प्रयोगलाई बढावा दिने भएको छ । यस्तै पछिल्ला दिनमा विस्तारित हुँदै गएको हाइड्रोजन इन्धनको बढावा दिने सरकारको लक्ष्य रहेको छ। यस्तै विद्युतीय सवारीसाधनको प्रयोगलाई बढोत्तरी गरिने भएको छ।

# मौरिस हर्जोग पदमार्गको प्रवर्द्धनमा अन्नपूर्ण गाउँपालिका

पोखरापत्र संवाददाता
म्याग्दी, ५ जेठ

म्याग्दीस्थित अन्नपूर्ण प्रथम हिमालको पहिलो आरोही मौरिस हर्जोगको नाममा पहिचान गरिएको पदमार्ग प्रवर्द्धन थालिएको छ ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ स्थित अन्नपूर्ण प्रथम हिमाल आठ हजार ९१ मिटर अग्लो छ । नारच्याङदेखि अन्नपूर्ण हिमालको आधार शिविर जोड्ने पदमार्गको प्रवर्द्धनका लागि जनप्रतिनिधि, कर्मचारी, पर्यटनकर्मीलगायतको टोलीले पैदलयात्रा थालेका हुन् । सन् १९५० जुन ३ तारिखमा फ्रान्सका मौरिस हर्जोगले अन्नपूर्ण प्रथम हिमालको आरोहण गर्नुभएको थियो । हर्गोजले आरोहणका लागि आधार शिविर जान प्रयोग गरेको पदमार्गलाई उहाँकै नाममा नामकरण गरिएको छ। आठ हजार मिटरभन्दा अग्ला हिमालमध्ये पहिलो मानव पाइला परेको अन्नपूर्ण जेठो हिमाल हो। मौरिसले अन्नपूर्ण आरोहण गरेको तीन वर्षपछि सन् १९५३ मे २९ तारिखमा नेपालका तेन्जिङ नोर्गे शेर्पा र न्युजिल्याण्डका एडमण्ड हिलारीले सगरमाथा पहिलो पटक आरोहण गरेका थिए। आधार शिविर पदयात्रामा जान लागेको टोलीलाई बिहीबार पोखरेबगरमा गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन र उपाध्यक्ष दिवाकुमारी तिलिजा पुनले बिदाइ गर्नुभएको थियो ।

प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीको नेतृत्वमा कार्यपालिकाका सदस्य, पर्यटन व्यवसायीसहित ३० जनाको टोली नारच्याङ-छोटेपा-हुमखोला हुँदै आज बिहान आधार शिविर प्रस्थान गरेको छ। पोखरेबगरदेखि हुमखोलासम्म गाडीमार्फत गएको टोलीले त्यहाँदेखि चार हजार एक सय मिटर उचाइमा रहेको आधार शिविरसम्म पैदलयात्रा गर्ने कार्यक्रम छ । आधार शिविरमा दौड प्रतियोगिता र पर्यटन प्रवर्द्धन सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम गरिने प्रमुख प्रशासकीय अधिकृत सुवेदीले बताउनुभयो । गाउँपालिकाका अध्यक्ष पुनले सहजरुपमा छोटो पैदलयात्रा गरेपछि पुगिने र सुरक्षित अन्नपूर्ण आधार शिविरमा आन्तरिक तथा बाह्य पर्यटक भित्र्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो । नारच्याङका तेज गुरुङको अगुवाइमा २०६८ सालमा पहिचान भएको मौरिज हर्गोज पदमार्गको प्रचारप्रसारका लागि यसअघि २०७६ सालमा प्रथम अन्नपूर्ण महोत्सवको आयोजना गरिएको थियो ।

"अन्नपूर्ण हिमालको आधार शिविर जोड्ने पदमार्ग तयार भएको सन्देश प्रवाह गर्नु हाम्रो उद्देश्य हो", अध्यक्ष पुनले भन्नुभयो, "हुमखोलादेखि एकै दिनको पैदलयात्रा गरेर आधार शिविर पुगिने पदमार्गको बारेमा जानकारी नहुँदा धेरै आरोही र पर्यटक हेलिकप्टरबाट जाने गरेका छन् ।" उपाध्यक्ष तिलिजाले मौरिसको पाइला पछ्याएर तयार पारिएको पदमार्ग सुरक्षित र सहज भएको बताउनुभयो । "अन्नपूर्ण र नीलगिरि खोलाको किनारै किनार, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तु, झरनाको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ", उहाँले भन्नुभयो, "आधार शिविरमा रहेको नारच्याङ पञ्चकुण्ड तालको धार्मिक महत्व पनि छ ।"

मानव बस्तीदेखि टाढा रहेको आधार शिविर जाने पदमार्गमा बाटो, पुल, आश्रयस्थल, सञ्चारलगायतका पूर्वाधार निर्माणका लागि अध्ययन थालिएको गाउँपालिकाले जनाएको छ।

# सोरठी जोगाउँदै पुन मगर समाज

रासस
कास्की, ५ जेठ

नेपालमा पुन मगरको जनसङ्ख्या सात लाखको हाराहारीमा छ । पुरानो धौलागिरि क्षेत्रमा बढी बसोबास रहेको यो समुदाय अहिले देशका विभिन्न ठाउँमा छरिएका छन् । उनीहरूको छुट्टै संस्कार र संस्कृतिमध्ये सोरठी पनि एक हो । सोरठीलाई पुर्ख्यौलीको रूपमा लिने उनीहरू यही संस्कृति बचाउन अहिले तल्लीन छन् ।

यसमा विशेष गरी मारुनी, मादले र हाइ हाल्ने रहेका छन् । सुरुमा हाइ हाल्ने (गीत गाउने) ले भाका हाल्न सुरु गर्छन् । अनि मादले (नाच्ने केटा) ले उनीहरूसँगै ताल मिलाउँछन् । मादलेको तालसँगै मारुनी (नाच्ने केटीहरू) कम्मर मर्काउन सुरु गर्छन् । सोरठीको सुरुआतीमै सरस्वती जगाइन्छ । सरस्वती जगाइसकेपछि मादलको तालमा नाच्ने गरिन्छ । सोरठी नाच गीतभन्दा पनि मादलको तालमा नाचिने नृत्य भएको संरक्षककर्ता हर्क पुनले बताउनुभयो । पोखरा-१ स्थित गडकी प्रज्ञा-प्रतिष्ठानको भानु कक्षमा बिहिबार दिनभर पुर्ख्यौली नृत्य प्रदर्शन भयो । प्रदर्शनसँगै गीतको छायाङ्कन पनि चलिरहेको थियो । यसरी नाचिने मारुनी जोगाउन र यसको छायाङ्कन गर्न दिनभर उनीहरू तल्लीन थिए । छायाङ्कनको काम नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानले गरिरहेको थियो। नेपालभरका पुराना संस्कृतिको दस्तावेजीकरणका लागि गण्डकी प्रज्ञा-प्रतिष्ठानको सहकार्यमा छायाङ्कनको काम चलेको हो । आफूहरूको संस्कृतिमा सरकारले चासो दिएर संरक्षणका लागि पहल थाल्दा उपस्थित पनि खुसी थिए ।

छायाङ्कनका लागि ढुङ्गेपाटन पुन मगर समाजबाट जानुभएकी चुकमाया पुर्जा पुनले पुर्ख्यौली नृत्य पुस्ता हस्तान्तरणमा समस्या रहेको बताउनुभयो । "हामीले त नाच्छौँ, गाउँछौँ तर हामीपछिको पुस्ताले त्यसलाई कसरी धान्लान भन्ने चिन्ता लाग्छ", उहाँले भन्नुभयो, "सरकारले पनि यसरी नै चासो दिने हो र दस्तावेजका रूपमा संरक्षण गरिदिने हो भने पछिल्ला पुस्तालाई देखाउन सहज हुन्थ्यो ।"

सोरठी नाच लोप भइसकेको अवस्थामा विसं २०४० देखि ब्युताइएको अर्का व्यक्ति हर्क पुनले जानकारी दिनुभयो । "धेरैले भुलिसकेका थिए । पछि हाम्रै नेतृत्वमा यसलाई ब्युताएका हौँ", उहाँले भन्नुभयो, "अब फेरि नयाँपुस्तालाई कसरी हस्तान्तरण गर्ने भन्ने चिन्ता छ ।" अहिले यो नृत्य पुन मगर समाजले घरमा तथा जन्म, पास्नी, विवाह, व्रतबन्ध, पूजाआजा र मृत्युमा देखाउने गरेका छन् । आफूहरूमा सोरठी नृत्यको छुट्टै महत्व रहेको हर्कले सुनाउनुभयो । "यो राजकुमार र राजकुमारीको कथामा आधारित छ", उहाँले भन्नुभयो, "भिमला राजकुमार र हाइमती राजकुमारीको कथामा यो नाच केन्द्रित छ एघार वटा मुख्य र १५ वटा सहायक हाँगागरी २९ वटा हाँगा सक्न ३० घण्टा लाग्छ", "प्रज्ञा-प्रतिष्ठानमा दस्तावेजीकरणका लागि छ वटा मात्र हाँगा प्रस्तुत गरिएको हर्कले बताउनुभयो ।

पुन मगरमा प्रचलित यो नाच विशेषगरी धौगागिरि क्षेत्रमा नाच्ने गरिएको नेपाल पुन मगर समाजका महासचिव खेम पुनले जानकारी दिनुभयो । "विशेषगरी धौलागिरि क्षेत्रमा नाचिने यो नाच संरक्षण, विकास, पुस्तान्तरण गर्न चुनौती थियो", उहाँले भन्नुभयो, "यही अवस्थामा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको यो कामले हामीलाई केही सहज भएको छ ।" पश्चिमा संस्कृतिको प्रभावले पुराना संस्कृति छायाँमा परेको महासचिव पुनले सुनाउनुभयो । "हाम्रो समाजले संरक्षणको काम गरिरहेको छ । युवायुवतीलाई पनि सिकाउने काम भइरहेको छ," उहाँले भन्नुभयो, "यसमा हामीले मात्र गरेर हुँदैन् । सरकारले पनि ध्यान दिनुपर्छ । तर सरकारका तर्फबाट यसको सुरुआत गरिएकामा पनि निकै खुसी लागेको छ ।"

विभिन्न जातजातिको संस्कृति देशको सम्पत्ति भएकाले यसको संरक्षण गर्नुपर्ने प्रतिष्ठानअन्तर्गत शास्त्रीय तथा परम्परात सङ्गीत विभाग प्रमुख डाक्टर राईले बताउनुभयो । "विभिन्न जातिको संस्कृति हाम्रो सम्पत्ति हो । यसलाई हामीले लिपिबद्ध गरेर राज्य मातहत पनि राख्नुपर्छ", उहाँले भन्नुभयो, "यसैका लागि हामी लागेका हौं । सुरुमै पुन मगरको सोरठी (पुर्ख्यौली) नाच छायाङ्कन गर्न पोखरा आएका छौँ । यसपछि अरु अरु जातिको संस्कृतिको छायाङ्कनमा लाग्ने योजना छ ।" यसरी दस्तावेजीकरण गरेर राखेपछि देशको पर्यटनसँगै देशको अर्थतन्त्र सुधारमा यसले टेवा पुर्‍याउने उहाँको भनाइ थियो । प्रतिष्ठानको कामले संस्कृति संरक्षणमा टेवा पुग्नाका साथै अध्ययन गर्न चाहाने युवापुस्ता, विज्ञले पनि अध्ययन गर्न पाउने प्रमुख राईले बताउनुभयो ।

# इतिहास बन्दै ढिकी, जाँतो

पोखरापत्र संवाददाता
गल्याङ, ५ जेठ

गाउँघरमा कुटानि पिसानीका लागि कुनै बेला अनिवार्य बनेका ढिकी र जाँतो लोप हुँदै गएका छन् । पेट्रोल, डिजेल र विद्युत् बाट चल्ने कुटानी-पिसानीका आधुनिक मिलहरू भित्रन थालेपछि ढिकी, जाँतो गाउँघरबाट लोपोन्मुख भएका हुन् ।

तराईबाट तयार गरिएका चामल, दाल, पीठोलगायत अन्न सहजै गाउँघरमा उपलब्ध हुन थालेपछि समेत ढिकी कुट्ने र जाँतो पिस्ने परम्परा लोप हुँदै गएको हो । बिहान सबेरै उठेर अथवा साँझ ढल्केपछि महिलाहरूको काम ढिकी र जाँतोमा धान कुट्ने, गहुँ फल्ने, गहुँ, कोदो, मकै, फापर र दाल पिस्ने हुन्थ्यो । गाउँमा सबैका घर ढिकी वा जाँतो हुन्थ्यो । भालेको डाकोसँगै उठेर कुटानी-पिसानी गर्नुपर्ने बाध्यता सबैलाई थियो । कुटानी-पिसानीका आधुनिक मिलहरूले आजभोलि सबैलाई सजिलो बनाएको यहाँका महिलाहरू बताउँछन् ।


"बिहान उज्यालो नहुँदै ढिकी, जाँतोको काम हुन्थ्यो, साँझको खाना खाएर पनि राति अबेरसम्म कुट्न, पिस्न पर्थ्यो", गल्याङ नगरपालिका-११, भाटीकी ७९ वर्षीय बसन्ती सोमै मगरले भन्नुभयो, "हिजोआज बिजुलीबाट चल्ने मिल आएपछि सुविस्ता भएको छ ।" "ढिकी जाँतोमा पिसेको खाना मीठो र पोषिलो हुन्थ्यो, बिजुलीमा पिसेको खाना नमीठो हुँदोरैछ", उहाँले भन्नुभयो, "हामीले धेरै दुःख पाए पनि बिजुलीबाट चल्ने मिल आएपछि छोरीबुहारीले सुक्ख पाएका छन् ।" भाटीमै बस्ने लीला सोमै मगरले कुटानी-पिसानीको काम गर्न नपर्दा खेतबारी, केटाकेटीलाई समयमा विद्यालय पठाउने र सरसफाइको काम गर्न सहज भएको बताउनुभयो । "ढिकी-जाँतो गर्ने काम मैले पनि बेहोर्नु पर्‍यो, टाढा पुगेर दुई-तीन घन्टा पालो पर्खेर पानी ल्याउनु पर्थ्यो, ढिकी-जाँतो गर्दा, पानी बोक्दामै दिन जान्थ्यो", उहाले भन्नुभयो "अहिले धेरै सहज भएको छ, हामी समयमा स्कुल जान नपाए पनि छोराछोरी समयमा स्कुल जान र पढ्न पाएका छन् ।"

सोही ठाउँकी पार्वती पल्ली मगरले ढिकी, जाँतो नहुँदा विवाह र पूजाआजामा बारा (बटुक) बनाउने गेडागुडी कुट्न र पिस्न नपाएको बताउनुभयो ।"

"ढिकीमा कुटेर बनाएको बटुक निकै स्वादिलो हुन्थ्यो, ढिकीमा कुटेर बनाइएको सेलरोटी काँडेदार र आकर्षक हुन्थ्यो, पहिले घरघरै हुने ढिकी, जाँतो अहिले सात गाम डुल्दा पनि पाइँदैन", उहाँले भन्नुभयो, "गाउँमा एउटामात्र ढिँकी छ, त्यही पनि उक्काएर फाल्न खोजेका थिए, पुराना पुस्तालाई देखाउन हुन्छ भनेर अडाएर राखेका छौं, त्यही पनि राम्रोसँग काम गर्दैन ।" भाटीकै मनिसा पल्ली मगरले कुटानी-पिसानीका आधुनिक उपकरणको प्रयोगले आफूहरूलाई समयको बचत गराएको बताउनुभयो । "बिहान घरको काम गरिन्छ, दिउँसोमा कार्यक्रम, उद्यमशील तालिममा सहभागी बन्ने समय मिल्छ", उहाँले भन्नुभयो, "समय बचत भएकाले सिकेका सीपलाई बचत गरेर करेसाबारीमा तरकारी लगाउने, धागाबाट टोपी, स्वेटर, लेस, आउटर बुनेर थोरैथोरै आयआर्जन पनि गरेकी छु ।"

गाउँघरमा पेट्रोल, डिजेल र बिजुलीबाट चल्ने आधुनिक मिलमा कुटानी-पिसानी गरेबापत शुल्क र मानापाथी दिने परम्परा छ, गल्याङ नगरपालिका-११, का अध्यक्ष दलबहादुर सिञ्जालीले ढिकी, जाँतो, हातेमुसल, ओखल, बाँसबाट बनेका सुपो डालो लोप हुँदै गएकाले वडाले संरक्षणको अभियान थाल्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हिजो मानिसका अभावका सारथी, आज मासिन हुँदैन, गाउँमा त्यस्ता चीज हराउँदै गएकाले चिन्ता बढाएको छ ।" "हाम्रो वडामा मगरहरूको बाहुल्यता छ, मगर समुदायका पहिचानसँग सम्बन्धित परम्परा र संस्कारहरू पनि नाश हुँदै गएका छन्", उहाँले भन्नुभयो, "नयाँ पुस्तालाई देखाउन भए पनि लोपोन्मुख अवस्थामा रहेका ढिकी, जाँतो, कृषि औजार, वेशभूषा, परम्परा र संस्कार थोरैथोरै बजेट विनियोजन गरेर बचाउने योजना छ ।"


## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ७ निवासी भारतीय भू.पू.सै.नं. 205352 L सुवेदार एण्ड' हनेरी लेप्टेन पुसबहादुर गुरुङको श्रीमतीको नागरिकतामा नामथर कुमारी कलावती गुरुङ भन्ने कलाबती गुरुङ जन्ममिति वि.स २०१४/९/६ भएको र पेन्सन अभिलेखमा नामथर कलाबती जन्ममिति ई.स २०१२।१९५७ उल्लेख भई फरक परे तापनि व्यक्ति एउटै भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनी पोखरा महानगरपालिका ७ नं. वडा कार्यालय, कास्कीको च.नं. ८७४ मिति २०७५।१२।१३ को सिफारिसपत्रबाट लेखि आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


# 'पशुपालनमा आकर्षण छैन'

-नवीन लामिछाने
मनाङ, ५ जेठ

मनाङको नार्सो गाउँपालिका-४ का सुरेश थकाली पशु व्यवसायी हुनुहुन्छ ।

उहाँ लामोमसयदेखि व्यावसायिकरूपमा पशुपालनमा लाग्दै आउनुभएको छ । "पहिला याक, चौंरी धेरै सङ्ख्या पालिन्थ्यो, अहिले त कति छ भनेर आँखा अगाडि भन्न सकिन्छ, युवाको चाहना छैन, के गर्नु हामीले पनि घटाउँदै लगेका छौं", उहाँले भन्नुभयो । पहिले करिब एक सय याक, चौंरी पालेर दूध, मासुका लागि बिक्री गरेर आम्दानी गरिए पनि अहिले घट्दो क्रममा रहेको उहाँको भनाइ छ ।

विगतमा याक, चौंरी पाल्दै आएका थकालीको गोठमा अहिले भोपा (चौंरी र गाईको क्रस) पालिएको छ । याक, चौंरीको चरण क्षेत्र घट्ने क्रममा रहेकाले भोपा पाल्न थालेको उहाँले बताउनुभयो । चौंरी, याक घट्दै गएपछि भोपा पाल्न थालेको उहाँले बताउनुभयो । "पशु व्यवसायमा युवाको चासो नै पाइँदैन, पहिला ६०/७० याक, चौंरी पालेको थिएँ, अहिले ४०/५० भोपा पाल्न थालेको छु", व्यवसायी थकालीले भन्नुभयो ।

पुर्खौली पेसा धान्नै मुस्किल भएको उहाँको भनाइ छ । "बिस्तारै मैले पनि व्यवसाय फेर्दै गएको छु, युवा जति पढ्न, अन्य काम तथा व्यवसायतर्फ आकर्षित हुन्छन्, अहिले पर्यटन व्यवसाय, अन्य व्यवसायतर्फ लागेका छन्, केही विदेश पलायन हुन्छन्, यसले गर्दा पुर्खौली पेसा जोगाउन सकस छ", किसान थकालीले भन्नुभयो । पशुपालन कम हुँदै गएपछि मैले डेरी पनि खोलेर व्यवसायलाई विस्तार गरिरहेको उहाँले बताउनुभयो ।

उहाँले धारापानीमा डेरी सञ्चालन गरी दूध, दही, घ्यु बिक्री वितरण गर्दै आएको बताउनुभयो । यसले पनि मौसमले पनि फरक पार्ने रहेछ कि के हो कुन्नी अहिले फेरिदै गएको अनुभव हुने गरेको उहाँले बताउनुभयो । कोही विदेश, युवा जति पढ्न तथा कामको सिलसिलामा अन्य पेसामा लाग्न थालेपछि पुर्खौली पेसालाई बचाउने उद्देश्यले आफूले व्यवसाय विस्तार गर्दै गएको उहाँको भनाइ छ । पेसाको बचाउनका लागि आफू उदाहरणीय बनाउने उद्देश्यले व्यवसायलाई निरन्तरता दिइरहेको र सन्तुष्ट पनि रहेको उहाँले बताउनुभयो । त्यस्तै नार्सो-३ धारापानीका श्रीमानसिं गुरुङ डोना लेक लगायतका अन्य खर्कमा नै चौंरी, याकको गोठ राखेर पशुपालनमा व्यस्त हुनुहुन्छ । उहाँले पशुपालनलाई बचाइरहन समस्या भएको बताउनुभयो । पहिला जस्तो पशुपालनमा आकर्षण नै नभएको उहाँको भनाइ छ । "पहिलाको जस्तो गोठालो नै पाइँदैन, वैदेशिक रोजगारी र अन्य पेसामा लाग्न थालेका छन्, पशुपालन र कृषि पेसा धरापमा छ", व्यवसायी गुरुङले भन्नुभयो, "गोठाला पाउनै मुस्किल छ, यसले गर्दा धेरै पशु पाल्न सकस छ ।"

त्यसैगरी नार्सो गाउँपालिका-६ तिल्चेका पशु व्यवसायी धर्मजङ्ग गुरुङले भीमताङ, डोना लेक, हिमलुङलगायतका खर्कमा गोठ राखेर करिब ६०/७० याक, चौंरी पालिरहनुभएको छ । पशुपालनलाई राम्रो गरी गर्न सकिएमा आम्दानी राम्रो रहेको उहाँले बताउनुभयो । उहाँले एक सयको हाराहारीमा याक चौंरी पालिरहेको जानकारी दिनुभयो ।

"याक, चौंरीको व्यवसाय गर्नसके त आम्दानी राम्रो हुन्छ, प्रतियाकको रु एक लाख ५० हजारसम्म मूल्य पर्छ, चौंरीको मूल्य रु एक लाखसम्म पर्छ, यति भनेको राम्रो आम्दानी हो, युवाको चाहना नै छैन, अझै भएन स्थानीय सरकारले पनि सहयोग गरेको छ, तर पनि युवाका पेसामा आउन सकेका छैनन्", उहाँले भन्नुभयो ।

त्यस्तै मनाङ डिस्याङ गाउँपालिका-१ पिसाङका ७४ वर्षीय पशुपालक कृषक याङडुङ गुरुङ अहिले लेकतर्फ वस्तु लिएर खर्क पुग्नुभएको छ । आइस लेक, माथिल्लो खर्कमा गोठ सार्दै पशुपालन गरिरहेका उहाँले बताउनुभयो । "अहिले त न खर्कमा घाँस छ, न त वस्तु पाल्न युवाले चाहन्छन्, पशुपालन नै घटेपछि मासु घट्यो, सामान ढुवानीका लागि प्रयोगमा पनि कम हुन थाल्यो, के गर्नु जोगाउन कोही लाग्दैनन्, कुन बेला मनाङमा याक चौंरीपालन हराउँछ भन्ने लाग्न थालेको छ", उहाँले भन्नुभयो । सानैदेखि यही पेसामा लागेको छाड्न मन नलाग्ने उहाँले बताउनुभयो । "यी पशुको धेरै माया लाग्छ, के गर्नु चरण घटेको छ, पशुपालन, कृषि क्षेत्रमा अहिले आकर्षण नै छैन भन्न मिल्ने छ, अहिलेका युवाले व्यवसाय नै फेरेका छन्, अब के याक, चौंरी पाल्ने र ? हामीजस्ता पाका रहिञ्जेल मात्रै याक, चौंरी रहन्छजस्तो लाग्छ, यसको संरक्षण अब युवाले गर्नुपर्छ", उहाँले भन्नुभयो । उहाँले अहिले ६५ याक चौंरी र ७० भेडा च्याङ्ग्रा पाल्दै आउनुभएको छ ।

युवा पशुपालनबाट विमुख हुन थालेपछि स्थानीय ,प्रदेश र सङ्घीय सरकारले प्रोत्साहनका लागि विभिन्न कार्यक्रम ल्याए पनि पेसा फेर्नेको सङ्ख्या नै बढी भेटिन्छन् । "हाम्रो उमेर विस्तारै घर्कँदैछ, त्यसैमाथि हामी सामाज सेवामा लागेपछि पशुपालनतर्फ समय दिन नसकिने रहेछ", वडाध्यक्षसमेत रहनुभएका पशुपालक किसान चोल्पा गुरुङले भन्नुभयो । उमेर बढ्दै गएपछि अब स्वास्थ्यले पनि साथ नदिन गरेको उहाँले बताउनुभयो । खर्कसम्म पुग्नै मुस्किल हुने गरेको उहाँले बताउनुभयो । पशुपालनतर्फ प्रोत्साहन गर्न पालिकाले विभिन्न अनुदानका कार्यक्रम ल्याएको भए पनि पशुपालन घट्दो अवस्थामा रहेको उहाँले बताउनुभयो । "विगतमा हामीले हाम्रो कति याक, चौंरी, भेडाच्याङ्ग्रा छ गन्नै सकिँदैन थियो, अहिले त आँखाले देखिन्छ, खर्कभर भेडा च्याङ्ग्रा, याक चौंरी हुन्थे, अहिले कति पशु पालिएको छ भन्न सकिन्छ", उहाँले भन्नुभयो, "अहिले मेरो पनि पशु घटेको छ, यस्तै ५०/६० पशुचौपाय होलान् ।"

विगतमा जिल्लामा सामान ढुवानीका लागि नै याकचौंरीको प्रयोग गरिन्थ्यो । याक, चौंरी, भेडाच्याङ्ग्राको उनबाट बनाइएको लुगा नै लगाइन्थ्यो । अहिले त कुन देशबाट आउँछ भन्ने भइसकन थालेको छ । यहाँका पुराना मानिसले याक, चौंरी र भेडाच्याङ्ग्राको उनबाट बनेका भाङ्ग्रालगायतका कपडा उत्पादन गर्न कम भएको छ । याकचौंरीको माध्यमबाट नै मनाङमा कृषि व्यवसाय जोत्न र सामग्री ढुवानी गर्न प्रयोग गरिन्थ्यो तर, अहिले यसको प्रयोग घटेको छ । नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोञ्जो तेन्जिङ लामाले पशुपालन घटेसँगै उनका सामग्री बनाउन पनि कम भएको र ढुवानीमा पनि कम प्रयोग गर्न थालिएको बताउनुभयो । याक चौंरी कम पाल्न थालिए पछि सामग्री ढुवानी र यात्राको सहजताका लागि यस पालिकालाई सडक सञ्जालसँग जोड्न थालिएको अध्यक्ष लामाले जानकारी दिनुभयो । पशुपालक किसानलाई आकर्षित र व्यवसायलाई निरन्तरता दिनका लागि स्थानीय सरकारले प्रोत्साहन गर्न उन्नत प्रजातिका याकका ब्याडमा ५० प्रतिशत अनुदान दिएको छ । पशुपालनलाई निरन्तरताका लागि ल्याइएको योजनाले यहाँका पशुपालक कृषकलाई प्रोत्साहन मिल्ने स्थानीय सरकारले अपेक्षा गरेको छ । जिल्लामा हिउँदमा समेत आवश्यक हिउँ नपर्दा याक, चौंरी र भेडाच्याङ्ग्राको चरन क्षेत्रमा जलवायु प्रदूषणको प्रत्यक्ष प्रभाव देखिन्छ । कृषि र पशुपालन व्यवसायका लागि पानी अत्यावश्यक मानिन्छ तर यहाँ सुक्खा र खडेरी भएर मरुभूमिको अभाष हुन थालेको छ । हिउँ नपर्दा यहाँ पानीको अभावले कृषि र पुशपालनमा असहजता भएको कृषकको भनाइ छ । पानीको अभावले चरन क्षेत्र घटेको किसान बताउँछन् ।

यसले गर्दा पशुपालन र कृषि क्षेत्र प्रभावित भएको उनीहरूको भनाइ छ । हिमपात समय भएको भए बिस्वा र पशुपन्क्षीले खानेपानीको जोहो हुने थियो तर, अहिले खोला, नदीको भर पर्नुपर्ने अवस्था रहेको उनीहरू बताउँछन् । पानी नै मुख्य आवश्यकता हो । मौसम प्रतिकूल हुँदा यहाँ पशुपालन घट्ने अवस्था देखिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र मनाङका प्रमुख नारायण कुसुमले जानकारी दिनुभयो । "विगतमा भन्दा अहिले पशुपालन घटेको तथ्याङ्कमा देखिएको छ, त्यसका लागि युवालाई पशुपालनतर्फ प्रोत्साहन गर्ने कार्य, सेवा सुविधालाई सहज बनाएका छौं", उहाँले भन्नुभयो, "हामीले दिने प्राविधिक सेवालाई प्रभावकारीरूपमा घर घरमा नै पुगेर सकेको सेवा दिइरहेका छौं ।"